"पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र सम्बृद्धिसहितको भद्रपुर नगर"

# भद्रपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भद्रपुर, झापा

कोशी प्रदेश, नेपाल

राजस्व प्र.शाखा २०७९।८०

प्रथम पटक प्रकाशित मिति : २०८०।०३।११

## आन्तरिक आय ठेक्का बन्दोबस्ती सम्बन्धि शिलबन्दि दरभाउपत्र आह्वानको सूचना

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६० र ६२ बमोजिम "आन्तरिक आय संकलन ( ठेक्का बन्दोबस्त) कार्यविधि, २०७५ अनुसार नगरपालिकाले उठाउन पाउने देहाय बमोजिमको आन्तरिक आय संकलन कर, दस्तुर र सेवा शुल्क आगामी आ.व.२०८०।८१ वर्ष १ (एक) र बिज्ञापन करको हकमा ३ ( तिन) बर्षको लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक फर्म वा कम्पनीले तोकिएको निम्न शर्तहरुको अधिनमा रही तपसिलमा उल्लेखित समय, मिति र स्थानमा छुट्टा छुट्टै गोप्य शिलबन्दी दरभाउपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइएको छ ।

**ठेक्काको विवरण**

| ठे.नं. | विवरण | ठेक्का अवधि | न्यूनतम ठेक्का अंक रु. (वार्षिक) मूल्य अभिबृद्धि कर वाहेक | दरभाउपत्र फाराम दस्तुर | दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र फाराम दाखिला गर्ने अन्तिम मिति, समय | दरभाउपत्र फाराम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | चौपाया (पशु) हाट वजार सेवा शुल्क | आ.व. २०८०।८१ १ (एक)बर्षको लागी | ७२०,१०१।०० | १,०००।- | १५ औ दिन सम्म २०८०।०३।२५ गते कार्यालय समयसम्म | २०८०।०३।२६ गते १.०० बजेसम्म | २०८०।०३।२६ गते २.०० बजे पछि |
| २ | दैनिक अस्थायी हाट बजार सेवा शुल्क ( साविक पृथ्वीनगर गा.वि.स .वाहेक) | आ.व. २०८०।८१ १ (एक)बर्षको लागी | १०,१४,५००।०० | १,०००।- | | | |
| ३ | भद्रपुर ८ स्थित अतिथी गृहतर्फ जाने बाटोको पार्किङ्ग शुल्क | आ.व. २०८०।८१ १ (एक)बर्षको लागी | २,६५,५००।०० | १,०००।- | | | |
| ४ | जलकर | आ.व. २०८०।८१ १ (एक)वर्षको लागी | १८,७०३।०० | १,०००।- | | | |
| ५ | भद्रपुर ५ स्थित बसपार्कको पार्किङ्ग शुल्क | आ.व. २०८०।८१ १ (एक)बर्षको लागी | २,१८,०००।०० | १,०००।- | | | |
| ६ | विज्ञापन कर | आ.व. २०८०।८१ देखि २०८२।८३ ३ (तिन)बर्षको लागी | ५,५१,५५५।६७ | १,०००।- | | | |

नोट : १) ठे.न.२को हकमा दैनिक अस्थायी हाट बजार सेवा शुल्क सम्बन्धमा : हालको भद्रपुर ६ मा सातामा २ (दुई) पटक , भद्रपुर ८ सागरमाथा चौकमा साताको १ (एक) पटक, तथा भद्रपुर

E:\Taxdepartment\Thekka sambandhi\tender notice\ठेक्का सूचना २०८०।८१.doc


कार्यालय प्रमुखः ०२३–५२०७८१, नगर प्रमुखः ५२०१४८, नगर उप–प्रमुखः ५२००९५, Fax: 00977-23-520781

४ नं. वडा समितिको कार्यालयः ५२०८४३, ५ नं. वडा समितिको कार्यालयः ५२२५९५, ६ नं. वडा समितिको कार्यालयः ५२४२९०

७ नं. वडा समितिको कार्यालयः ४५३९२७, ८ नं. वडा समितिको कार्यालयः ५२३१३८, ९ नं. वडा समितिको कार्यालयः ४५२३५९

१० नं. वडा समितिको कार्यालयः ४५२०८२

Website: www.bhadrapurmun.gov.np E-mail: info@bhadrapurmun.gov.np


" बालबालिका सबैका प्यारा, बालमैत्री नगर हाम्रो अभिभारा "

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

१० चन्द्रगढी वजारमा सातामा २(दुई) पटक लाग्ने साप्ताहिक हाट समेत साविक पृथ्वीनगर गा.वि.स. वाहेक सम्पुर्ण क्षेत्र ।

२) भद्रपुर ८ स्थित सवारी पार्किङ्ग शुल्क सम्वन्धमा : सवारी साधनहरु ३ (तीन) घण्टाका लागि मात्र पार्किङ्ग गर्न सकिनेछ । त्यसपछि प्रति ३ घण्टाको ५०% थप शुल्क लाग्नेछ ।

४) भद्रपुर ५ स्थित वसपार्कको पार्किङ्ग शुल्कको दर बोलपत्र साथ उपलव्ध हुनेछ ।

**शर्तहरु :**

१) दरभाउपत्र फाराममा उल्लेखित कवोल ठेक्का अंकको ५% धरौटी रकम यस कार्यालयको नाउँमा खुलेको रा.वा.बैंक भद्रपुर स्थित च.हि.नं.२२१०१००३०३००००३ (ग-३) धरौटी खातामा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा (क) वर्गको वाणिज्य वैकवाट यस कार्यालयको नाउमा जारी भएको १२० दिन म्याद भएको वैंक जमानत पत्रको सक्कल पत्र टेन्डर फारम साथ संलग्न हुनुपर्नेछ । धरौटी रकम प्रत्येक ठेक्काका लागि छुट्टा छुट्टै रुपमा समावेश गर्नु पर्नेछ ।

२) इच्छुक फर्म वा कम्पनीले दरभाउपत्र फाराम खरिद गर्दा अद्यावधिक फर्म नविकरणको प्रतिलिपी, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्वर प्रमाण पत्रको प्रतिलिपी साथै लिखित निवेदन दिई तोकिएको समयभित्र खरिद गर्न सकिनेछ ।

३) दरभाउपत्र फाराम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

४) दरभाउपत्र खोल्ने काम समाप्त भएपछि दरभाउपत्र कवोल गर्ने पहिलो, दोश्रो र तेस्रो तीन जनाले राखेको धरौटी रोक्का राखि अरुको हकमा फिर्ता दिने र वोलपत्र स्वीकृत भैसकेपछि दरभाउपत्र कवोल गर्ने पहिलो व्यक्तिको नाममा कबुलियत गर्न ७ (सात) दिने सूचना यस न.पा.वाट पठाईनेछ । सो सुचना वुझि लिएको वा निजको घर दैलोमा टाँस भएको मितिले ७ (सात) दिन भित्रमा उपस्थित भै ठेक्का सम्झौता गर्न नआएमा वा आए पनि ठेक्का सम्झौता गर्न मन्जुर नगरेमा निजले राखेको धरौटी जफत गरि सो पछिको दोस्रो, तेस्रो दरभाउपत्र कवोल गर्ने व्यक्तिलाई निजहरुको दरभाउपत्र अंक उपयुक्त ठहरेमा न.पा.ले क्रमशः नियमानुसार ठेक्का वस्तोवस्त गर्न सक्नेछ । निजहरुले पनि सूचना म्याद भित्र उपस्थित नभएमा वा उपस्थित भै सम्झौता गर्न मन्जुर नगरेमा निजहरुले राखेको धरौटी जफत गरि कार्यालयवाट अर्को वैकल्पिक व्यवस्था अपनाई पुनः ठेक्का वन्दोवस्त गर्न सकिनेछ ।

५) ठेक्का वापत एकमुष्ट रकम नगदै कार्यालयमा दाखिला गरेमा स्वीकृत ठेक्का अंक रकममा १0% प्रतिशत सम्मको रकम छुट दिन सकिनेछ । सो छुट सुविधा यसै सूचनाको सि.न. ४ मा उल्लेख भए बमोजिम न.पा.का.ले तोकि दिएको ठेक्का सम्झौता गर्ने समय, म्याद भित्र एक मुष्ठ रकम नगदै कार्यालयमा दाखिला गरि ठेक्का सम्झौता गरेमा मात्र दिइनेछ । किस्तावन्दी रुपमा रकम वुझाउनेको हकमा ठेकेदार आफुले कवोल गरेको कुल ठेक्का अंकको २५ प्रतिशतका दरले ४ (चार) किस्तामा वुझाउनु पर्नेछ । पहिला किस्ता वापत कवोल गरेको रकमको २५ प्रतिशत सम्झौताको समयमा दाखिला गर्नुछ भने दोस्रो, तेस्रो र अन्तिम किस्ता क्रमश कार्तिक मसान्त, माघ मसान्त र वैशाख मसान्त गते सम्म चुक्ता गरि सक्नु पर्नेछ । बोलपत्रदाताले कवोल गरेको रकमको ७५ प्रतिशत २०८१ श्रावण ३२ गते सम्म मान्य अवधि रहेको नेपाल राष्ट्र वैकवाट मान्यता प्राप्त क वर्गको वित्तिय संस्थावाट जारि भएको वैक ग्यारेन्टी पेश गर्नु पर्नेछ । तोकिएको किस्ता म्यादभित्र नवुझाएमा पालिकाको तर्फबाट ठेक्का तोडि बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीवाट असुल उपर गर्ने गरी कानूनी


कार्यालय प्रमुखः ०२३–५२०७८१, नगर प्रमुखः ५२०१४८, नगर उप–प्रमुखः ५२००९५, Fax:00977-23-520781
४ नं. वडा समितिको कार्यालयः ५२०८४२, ५ नं. वडा समितिको कार्यालयः ५२३५२५, ६ नं. वडा समितिको कार्यालयः ५२४२५०
७ नं. वडा समितिको कार्यालयः ४५३९२७, ८ नं. वडा समितिको कार्यालयः ५२३१३८, ९ नं. वडा समितिको कार्यालयः ४५२३५५
१० नं. वडा समितिको कार्यालयः ४५२०८२
Website: www.bhadrapurmun.gov.np E-mail: info@bhadrapurmun.gov.np

प्रमुख प्रशासकीय अधिकृत
Scanned with CamScanner

प्रकृया अपनाईनेछ । असुल गर्न बाँकी रकममा वार्षिक १० प्रतिशत थप जरिवाना समेत जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ र त्यस्तो फर्मलाई २ वर्षको लागि कालो सूचीमा राखिनेछ ।

६) ठेकेदारसँग ठेक्का सम्झौता गर्दा एकमुष्ठ रकम बुझाउने हकमा सम्पुर्ण रकम दाखिला गरि सकेपछि र किस्ता बन्दी बुझाउनेको हकमा कुल ठेक्का अंक रकमको ४ (चार) भागको एक भागले हुने रकम नगद अग्रिम रुपमा कार्यालयमा धरौटी जम्मा गरी जम्मा भएको कुल धरौटी रकम स्वीकृत ठेक्का अंक रकममा घटाउदा नपुग हुन आउने रकम वरावर यस कार्यालयको नाउँमा खिचिएको मिति २०८१ श्रावण ३२ गते सम्मको बैंक ग्यारेण्टी (परफरमेन्स बण्ड) पत्र यस कार्यालयमा दाखिला गरी ठेक्का सम्झौता गर्नु पर्नेछ । कार्यालयले दिएको समयसम्म बैंक ग्यारेन्टी सहित सम्झौता गर्न नआएमा शर्त नं. ४ अनुसार क्रमश: दोस्रो र तेस्रो कवोल अंकलाई उपयुक्त ठहरेमा ठेक्का सम्झौताका लागी आमन्त्रण गर्न सकिनेछ ।

७) दरभाउपत्रदाताले कबोल अंक उल्लेख गर्दा वार्षिक अवधिको साथै सोमा लाग्ने मुल्य अभिबृद्धि कर समेत समावेश गरि उल्लेख गर्नु गर्छ । ठेक्का सम्झौता गर्दा वखत मुल्य अभिबृद्धि कर पुरै दाखिला गर्नु पर्नेछ ।

८) नेपाल सरकार वा नगरपालिकाले समय समयमा दिइएका नीति निर्देशन वा आदेशहरुको अक्षरश: पालना ठेकेदारले गर्नु पर्नेछ ।

९) कर, दस्तुर, शुल्क उठाउन प्रयोग हुने रसिदहरु छुट्टा छुट्टै ठेक्काका लागि अलग अलग रुपमा २ (दुइ) प्रति भएको रसिद ठेकेदार आफैले आफ्नै खर्चवाट छपाई सोमा कार्यालयको छाप र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित गराई सोको अभिलेख कार्यालयमा राखेर मात्र दस्तुर र सेवा शुल्क उठाउन प्रयोगमा ल्याउनु पर्नेछ । यदि सो प्रकृया पुरा नगरी प्रयोगमा ल्याइएको रसिद फेला परेमा न.पा.द्वारा नियमानुसार जरिवाना गर्न सकिनेछ ।

१०) ठेक्का सम्वन्धमा कुनै किसिमको विवादको स्थिती सृजना भएमा वा कार्यालय र ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

११) ठेक्का अवधी भुक्तान भैसकेपछि आन्तरिक राजस्व कार्यालयवाट कर चुक्ताको पत्र पेश भए पछि मात्र धरौटी रकम फिर्ता गरिनेछ ।

१२) वोलपत्रदाताले खामको वाहिर आफूले लिन चाहेको ठेक्काको नाम, नं. र बोलपत्रदाताको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

१३) ठेक्का अवधी २०८० श्रावण १ गतेदेखि २०८१ आषाढ मसान्त सम्म १ (एक) र विज्ञापन करको हकमा २०८० श्रावण १ गते देखि २०८३ आषाढ मसान्त सम्म ३ (तिन) वर्षको हुनेछ ।

१४) कर, दस्तुर, शुल्क उठाउन पाउने कर दरबन्दीको विवरण तथा दर रेट दरभाउपत्र फारामसाथ प्राप्त हुनेछ ।

१५) दरभाउपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने दिन बिदा पर्न गएमा उक्त कार्य सोको भोलीपल्ट वा लगतै कार्यालय खुलेको दिन र समय कायम हुनेछ ।

१६) नगरपालिकाले तोकेको कर संकलन केन्द्र वाहेक अन्य ठाउँमा कर संकलन गर्न पाइने छैन ।

१७) ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।



Scanned with CamScanner

१८) शर्त राखी पेश गरेको, रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्र माथि कावाही हुने छैन । कुनै चिठी, तार, टेलीफोन, फ्याक्स, इन्टरनेट आदि सञ्चार माध्यमबाट प्राप्त बोलपत्रलाई मान्यता दिइने छैन ।

१९) प्रचलित कानून बमोजिम बुझाउनु पर्ने सम्पुर्ण कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले आफ्नै खर्चवाट बेहोर्ने गरी सम्वन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

२०) ठेक्का संचालन गर्दा आवश्यक पर्ने कर्मचारी, रसिद, बिजुली, टेलिफोन आदिको व्यवस्था ठेकेदार आफैले गर्नु पर्नेछ ।

२१) असुल गर्न पाउने कर तथा सेवा शुल्कका दरहरु न.पा.का.वाट दरभाउपत्र खरिद बिक्री गर्दा बखत दरभाउपत्रसाँथ संलग्न राखी वितरण गरिने छ । नगर कार्यपालिकाको कार्यालयले तोकी दिए भन्दा वढी कर दस्तुर उठाएमा वा तोकिएका भन्दा बाहेकका वस्तुहरुमा कर दस्तुर उठाएमा नगरपालिकाले त्यसरी उठाएको कर दस्तुर ठेकेदारवाट फिर्ता गर्न लगाई निजलाई कार्यालयको निर्णयानुसार जरिवाना लगाइने छ ।

२२) ठेकेदारले असुल गर्ने सेवा शुल्कको दर रेट सूची सर्वसाधारणले देख्ने गरी अनिवार्य रुपमा राख्नु पर्नेछ

२३) माथिका ठेक्का संचालन गर्दा ठेक्का अवधि भित्र विशेष परिस्थिती वा काबु बाहिरको परिस्थिती , महामारी, दैविक, हुलदुङ्गा,आतङक अथवा कानुन अनुसार व्यवस्था भएको असामान्य परिस्थिती बाहेक कुनै किसिमको कारण देखाई मिन्हा पाँउ भनि निवेदन दिएमा नगरपालिकाले ठेक्का अंक मिन्हा दिईने छैन.

२४) ठेकेदार फर्म, व्यक्ति वा संघ संस्थाले नगरपालिकालाई कुनै पनि पेशिक, वाकि वक्यौता , कर दस्तुर तिर्न बुझाउन बाकि भई वक्यौता देखिएमा त्यस्तो ठेकेदार फर्म, व्यक्ति वा संघ संस्थाले पेश गरेको बोलपत्र स्वीकृत गरिने छैन ।

२५) माथि उल्लेखित शर्तहरु बाहेक अन्यको हकमा प्रचलित ऐन, कानून वमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु सम्झौताका बखत निर्धारण हुनेछ ।

२६) यस सम्बन्धमा थप कुराहरु बुझ्न आवश्यक परेमा कार्यालय समय भित्र यस कार्यालयको राजश्व प्रशासन उप शाखामा सम्पर्क राख्न हुन वा यस नगरपालिकाको Website www.bhadrapurmun.gov.np वाट download गरि पढन र हेर्न सकिनेछ । साथै के कति असुल गर्न पाउने कर तथा सेवा शुल्कका दरहरु दरभाउपत्र साथ संलग्न राखिएको हुदा नगरपालिका कार्यालयमा उपस्थित भई वा Website वाट download गरि तोकिएको मिति, समय र स्थानमा तोकिए बमोजिमको दरभाउपत्र फारम दस्तुर तिरी खरिद तथा दाखिला गर्न सकिनेछ ।

..........................

(प्रमुख प्रशासकिय अधिकृत )

प्रमुख प्रशासकीय अधिकृत

F:\Taxdepartment\Thekka sambandhi\tender notice\ठेक्का सूचना २०८०।८१.doc



Scanned with CamScanner